व्यास नगरकार्यपालिकाको २२१ औं बैठक आज मिति २०८२/०४/२२ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने ज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मन बहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णु कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्ण प्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दल बहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेत बहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री काशीराम गैरे | उपस्थित |
| का.वा. अध्यक्ष | - श्री राम प्रसाद मिश्र | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मिति २०८२/०४/०७ को बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: विधायन समितिबाट प्रस्तावित विभिन्न कार्यविधि संशोधन एवं पारित सम्बन्धमा ।
प्रस्ताव नं.३: व्यास वडा नं.२ को कार्यालयका लागि जग्गा व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.४: आ.व.२०८२/०८३ को नीति कार्यक्रम तथा बजेट कार्यक्रम सार्वजनिक गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.५: आ.व.२०८२/०८३ का लागि अनुदान शिक्षक कोटा वितरण सम्बन्धमा ।
प्रस्ताव नं.६: सरसफाई जग्गा व्यवस्थापन सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्रतिनिधि खटाउने सम्बन्धमा ।
प्रस्ताव नं.७: लघु उद्यम विकास कार्यक्रम अन्तर्गत वडा छनौट सम्बन्धमा ।
प्रस्ताव नं.८: व्यास नगरपालिका मातृ मृत्यु निगरानी तथा प्रतिकार्य सञ्चालन समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.९: समपूरक योजना अन्तर्गत प्रदेश र संघबाट विनियोजित रकममा नगरपालिकाको सहभागिताको श्रोत सुनिश्चित गर्ने सम्बन्धमा ।
प्रस्ताव ं.१०: व्यास नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरु निर्माण सम्बन्धमा श्रोत सुनिश्चित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.११: नेपाल सरकार र एशियाली बैंकको सहायता कार्यक्रम अन्तर्गत विज्ञ परामर्शबाट प्राप्त विवरण सम्बन्धमा ।
प्रस्ताव नं.१२: स्लेट ढुङ्गा कटिङ्ग उद्योग सञ्चालन अनुमति सम्बन्धमा ।
प्रस्ताव नं.१३: व्यास शिवपाञ्चायन क्षेत्र विकासको संघीय बजेट कार्यान्वयन सम्बन्धी जानकारी सम्बन्धमा ।
प्रस्ताव नं.१४: आ.व.२०८२/०८३ का लागि विभिन्न शिक्षक, विद्यालय कर्मचारीले प्राप्त गर्ने सुविधा सम्बन्धमा ।
प्रस्ताव नं.१५: स्थानीय पाठ्यक्रम सिकाई सहजीकरण शिक्षक निर्देशिका कार्यान्वयन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१६: दमौली सभाहलमा विद्युतीय चार्जिङ्ग सुविधा जडान गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१७: व्यक्तिगत घटना दर्ता सच्याउने सुविधाको जानकारी गराउने सम्बन्धमा ।
प्रस्ताव नं.१८: सामाजिक सुरक्षा भत्ता परिचयपत्र दर्ता तथा नवीकरण प्रकृयालाई सरलीकरण गरिएको जानकारी गराउने सम्बन्धमा ।
प्रस्ताव नं.१९: सरसफाईको गाडी जाने कार्यतालिका सम्बन्धमा ।
प्रस्ताव नं.२०: वडा नं.१२, १३ र १४ को सेवा केन्द्र सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.२१: एकल अधिकार अन्तर्गत रहेको सम्पत्ति कर (घर जग्गा कर) सम्बन्धमा ।
प्रस्ताव नं.२२: स्वास्थ्य कर्मचारीलाई इन्धन तथा सञ्चार सुविधा दिने सम्बन्धमा ।
प्रस्ताव नं.२३: पदपूर्ति सदस्य मनोनयन सम्बन्धमा ।
प्रस्ताव नं.२४: अदालतको कामकाजका लागि अख्तियारी तोक्ने सम्बन्धमा ।
प्रस्ताव नं.२५: तारजाली वितरण सम्बन्धमा ।
प्रस्ताव नं.२६: प्रधान अध्यापक नियुक्ति अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.२७: शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादन प्रोत्साहन अनुदान प्रस्ताव माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२८: व्यास नगर उद्यम विकास समिति पुनगर्ठन सम्बन्धमा ।
प्रस्ताव नं.२९ विपद् व्यवस्थापन सामग्री वितरण समिति पुनगर्ठन सम्बन्धमा ।
प्रस्ताव नं.३०: अत्यावश्यक र विपद्जन्य काम सम्बन्धमा ।
प्रस्ताव नं.३१: जिल्ला समन्वय समिति अगाडिको बिरुवा राख्ने कार्य हटाउने सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८२/०४/०७ गते व्यास नगर कार्यपालिकाबाट भएका निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा विधायन समितिबाट प्रस्तावित निम्न लिखित कार्यविधिहरु पारित एवं संशोधन गर्ने निर्णय गरियो ।

(क) व्यास नगरपालिका अन्तर्गतका उच्च शिक्षा एवं विद्यालय शिक्षा लिने विद्यार्थीहरुलाई वितरण गरिने "व्यास नगरपालिका छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८२"

(ख) विपन्न बिरामीहरुलाई प्रदान गरिने "आर्थिक सहायता नियमित गर्ने सम्बन्धी कार्यविधि, २०८२"

(ग) व्यासनगर अन्तर्गतका पारित विभिन्न कार्यविधि संशोधन गर्ने सम्बन्धी "व्यास नगरपालिका केही कार्यविधि संशोधन सम्बन्धी कार्यविधि, २०८२"

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ को कार्यालय भवनको लागि व्यास नगरपालिका वडा नं.२ साविक फराकचौर वडा नं.९ (ग) कि.नं.१९९३ को क्षेत्रफल अन्दाजी १० आना भएको हाल सेतो गुँरासले प्रयोग गरेको जग्गा सेतो गुँरासलाई व्यवस्थापन गरी उक्त जग्गा प्राप्ति सम्बन्धमा जिल्ला समन्वय समिति मार्फत नेपाल सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ का लागि ४३ औं नगर सभाबाट पारित नीति तथा बजेट कार्यक्रम रातो किताब मार्फत सरोकारवालाहरुलाई सूचना प्रविधि शाखा मार्फत सार्वजनिकीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा सङघीय बजेटबाट यस नगरपालिकालाई प्राप्त मा.वि. तथा आधारभूत विद्यालयलाई प्रदान गरिने विज्ञान, गणित र अँग्रेजी शिक्षक अनुदानको मा.वि. दरबन्दीमा गतवर्ष जुन-जुन विद्यालय मापदण्ड अनुसार उपलब्ध गराउन मिल्ने हो, सोही विद्यालयमा र आधारभूत दरबन्दीमा गतवर्ष कार्यान्वयन नभएको एक विद्यालयबाट हटाई उक्त एक दरबन्दी व्यास नगर ११ स्थित बसन्त आधारभूत विद्यालयलाई उपलव्ध गराउने र अन्य दरबन्दी यथावत कायम गर्ने निर्णय गरियो ।

सशर्त अनुदान शिक्षा तर्फ कार्यक्रम कार्यान्वयन कार्यविधि क्रियाकलाप नं. २.७.१३.४० माध्यमिक तह कक्षा-(९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान र क्रियाकलाप नं. २.७.१३.४१ आधारभूत तह कक्षा (६-८) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान शीर्षकमा विनियोजन भई आएको बजेट तथा स्वीकृत कोटाको परिधि र शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ अनुसार देहाय अनुसारका विद्यालयमा निम्नानुसार अनुदान कोटा उपलब्ध गराउन निर्णयार्थ पेश ।

(क) माध्यमिक तह तर्फ :

| माध्यमिक तह कक्षा ९-१० | | | वितरण गर्ने कोटा संख्या | आ.व. ०८२/०८३ जम्मा प्राप्त कोटा : २२ | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विद्यालयको नाम | वडा नं | | गणित | विज्ञान | अंग्रेजी | कैफियत |
| १. | श्री बाल मन्दिर मा.वि. | २ | २ | १ | १ | ० | गत आ.व.को यथावत गरी निरन्तरता |
| २. | श्री शिव पाञ्चायन मा.वि. | ३ | १ | ० | ० | ० | विद्यालयको निर्णयानुसार |
| ३. | श्री पराशर मा.वि | ५ | ३ | १ | १ | १ | गत आ.व.को यथावत गरी निरन्तरता |
| ४. | श्री इन्दु मा.वि. | ६ | ३ | १ | १ | १ | गत आ.व.को यथावत गरी निरन्तरता |
| ५. | श्री भानु मा.वि. | १० | ३ | १ | १ | १ | गत आ.व.को विज्ञान र अंग्रेजी विषय यथावत गरी निरन्तरता र गणित विषयको थप १ कोटा वितरण |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६. | श्री शिव मा.वि | १० | 2 | 0 | १ | १ | गत आ.व.को यथावत गरी निरन्तरता |
| ७. | सर्वज्योति मा.वि | १० | २ | १ | 0 | १ | गत आ.व.को यथावत गरी निरन्तरता |
| ८. | श्री सिद्धबेनी मा.वि. | १३ | 3 | १ | १ | १ | गत आ.व.को विज्ञान र गणित विषय यथावत गरी निरन्तरता र अंग्रेजी विषयको थप १ कोटा वितरण |
| ९. | श्री व्यास नगर समता विद्यालय | ७ | २ | माध्यमिक तह (९-१०) को १ कोटामा वचत हुने अनुदान रकमबाट २ वटा आ.वि लाई आधारभूत तहको १/१ कोटा प्रदान | | | गत आ.व.को यथावत गरी निरन्तरता |
| १०. | श्री गुदीफच्याङ आ.वि | १३ | | | | | |
| जम्मा | | | २१ | ७ | ७ | ७ | |

(ख) आधारभूत तह कक्षा (६-८) **मा अंग्रेजी, ग णत र वज्ञान वषयमा शक्षण सहयोग अनुदान** (आ.व. ०८२/०८३ जम्मा प्राप्त कोटा : ५ आधारभूत तह कक्षा ६-८)

| क.सं. | विद्यालयको नाम | वडा नं. | गणित | विज्ञान | अंग्रेजी | जम्मा कोटा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | श्री जनता आ.वि. | १० | | १ | | १ | गत आ.व.को यथावत गरी निरन्तरता |
| २. | श्री चण्डिका आ.वि. | ११ | | १ | | १ | गत आ.व. को यथावत गरी निरन्तरता |
| ३. | श्री चण्डेश्वरी आ.वि. | ११ | १ | | | १ | गत आ.व. को यथावत गरी निरन्तरता |
| ४. | श्री छाब्दी बाराही आ.वि. | १२ | | १ | | १ | गत आ.व.मा अमरज्योति आ.वि. व्यास-१४ मा वितरण गरिएको कोटा स्थानान्तरण गरी बसन्त आ.वि. मा प्रदान |
| ५. | श्री बसन्त आ.वि. | ११ | गणित, विज्ञान र अंग्रेजी विषय मध्ये विद्यालयको आवश्यकता अनुसार | | | १ | |
| ६. | आधारभूत तह तर्फ कोटा | | | | | ५ | |

**<u>निर्णय नं.६:</u>** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा विगतको लामो समयसम्म पनि व्यास नगरपालिकाको सरसफाई व्यवस्थापनका लागि आवश्यक जग्गा खरिदको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारसँग करिब एक वर्ष अघि नै माग गरिएकोमा हालसम्म पनि हुने वा नहुने निर्णय नआएको हुँदा तत्काल निर्णयका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा प्रतिनिधि मण्डल पठाउने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०८२/०८३ को कार्यक्रम अन्तर्गत गरिबी निवारणका लागि लघु उद्यम विकास (मेड्पा) कार्यक्रम सञ्चालन गर्नका लागि हालसम्म मेड्पा कार्यक्रम सञ्चालन नगरिएको वडाहरु मध्ये यस वर्षका लागि वडा नं.३ लाई छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत मातृ मृत्यु निगरानी तथा प्रतिकार्य सञ्चालन सम्बन्धमा उपप्रमुखको अध्यक्षतामा ७ सदस्य समिति गठन गर्ने निर्णय गरियो । उक्त समितिमा निम्नानुसार सदस्यहरु रहने निर्देशिकामा व्यवस्था गरिएकाले सोही अनुसार गरिएको छ ।

**(क) निगरानी तथा प्रतिकार्य समिति :**

(१) अध्यक्ष उपप्रमुख श्री इन्दिरा दरै
(२) सदस्य प्रमुख प्रशासकीय अधिकृत श्री काशी राम गैरे
(३) सदस्य सम्बन्धित वडा अध्यक्ष
(४) सदस्य स्वास्थ्य शाखा प्रमुख श्री प्रमोद सोती
(५) सदस्य मेडिकल अधिकृत डा. नविना न्यौपाने
(६) सदस्य महिला, बालबालिका तथा समाज कल्याण शाखा प्रतिनिधि
(७) सदस्य सचिव वरिष्ठ अस्पताल नर्सिङ्ग निरीक्षक श्री कल्पना दाहाल कोइराला

**(ख) आमन्त्रित सदस्य :**

(१) स्वास्थ्य कार्यालय प्रतिनिधि
(२) मातृ-मृत्यु भएको स्वास्थ्य संस्थाको प्रतिनिधि
(३) प्रजनन् स्वास्थ्य क्षेत्रमा काम गर्ने प्रतिनिधि

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको अनुरोधमा व्यास ७ र ८ को शहिद कालिका मार्गको स्तरीकरणका लागि गण्डकी प्रदेश सरकारबाट समपूरक योजनामा रू.५३,०७,०००। (अक्षेरुपी त्रिपन्न लाख सात हजार रुपैंया) र व्यास ११ स्थित खड्गकाली मार्गका लागि सङ्घीय सरकारबाट रू.१,००,००,०००।(अक्षेरुपी एक करोड) प्राप्त हुन आएकाले संघ तथा प्रदेश कार्यविधि एवं मापदण्ड अनुसार उक्त विनियोजित रकमलाई ३०% मानी थप ७०% व्यास नगरपालिकाबाट थप हुनपर्नेमा नगर सभाबाट शहिद कालिका मार्गमा रू.५७,००,०००। र खड्ककाली मार्गमा रू.१,००,००,०००। विनियोजन भएकोमा थप रकमको श्रोत स्रोत सुनिश्चितता गर्ने र तत्काल टेण्डर प्रक्रिया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०८२/०८३ का लागि व्यास ८ बगुवा, व्यास ११ बेलटारी र व्यास १४ केशवटारमा निर्माणका लागि प्रस्तावित स्वास्थ्य संस्थाहरुको भवनमा विनियोजित रकम प्रति स्वास्थ्य चौकी दोब्बर भन्दा बढी नहुने गरी स्रोत सुनिश्चितता गरी टेण्डर प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार र एशियाली विकास बैंक बीच भएको बजेट सहायता कार्यक्रम अन्तर्गत यस नगरपालिकामा स्रोत परिचालन तथा व्यवस्थापनको क्षेत्रमा विभिन्न सुधार क्रियाकलाप सञ्चालनका लागि विज्ञ परामर्शदाताहरु मार्फत प्राविधिक सहायता उपलब्ध भई तपसिल अनुसारको कार्यप्रगति भएको बैठकमा जानकारी प्राप्त भयो ।

| सि.नं. | स्रोत परिचालन तथा व्यवस्थापनको क्षेत्र | कार्य प्रगती विवरण |
|---|---|---|
| १. | मध्यकालिन खर्च संरचना | विज्ञ परामर्शदाताबाट कार्य सम्पन्न भई अन्तिम प्रतिवेदन प्राप्त |
| २. | आयोजना बैंक कार्यान्वयन | विज्ञ परामर्शदाताबाट कार्य सम्पन्न भएको |
| ३. | PAMS V2 कार्यान्वयन | २०८२ श्रावणबाट कार्यान्वयनमा ल्याइएको |
| ४. | लैंगिक समानता र महिला सशक्तिकरण | आ.व.२०८२/०८३ को बजेटमा समावेश गरिएको |

| | | |
|---|---|---|
| ५. | घर जग्गाको न्यूनतम मूल्याङ्कन परिमार्जन | विज्ञ परामर्शदाताबाट प्राप्त सुझावका आधारमा मूल्याङ्कन समिति बनाई प्राप्त सुझावका आधारमा कानुन संशोधन गरिने । |
| ६. | राजश्व सम्भाव्यता भएका प्राकृतिक स्रोतको नक्साङ्कन | विज्ञ परामर्शदाताबाट कार्यसम्पादनको अवस्थामा नै रहेको |

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका स्लेट ढुङ्गा सम्बन्धी अनुगमन तथा मूल्याङ्कन समितिबाट सिफारिस भई आएका देहाय बमोजिमका मापदण्ड पुगेका स्लेट ढुङ्गा कटिङ्ग उद्योगहरु सञ्चालनका लागि अनुमती दिने सम्बन्धमा भविष्यमा स्थानीय छर-छिमेकी तथा टोलबासीबाट विरोध भई आएमा र उक्त विरोध मनासिव देखिएमा अन्यत्र स्थानान्तरण गर्ने गरी हाललाई यथास्थानमा उद्योग सञ्चालनका लागि अनुमती प्रदान गर्ने निर्णय गरियो ।

| क.सं. | उद्योगको नाम | सञ्चालकको नाम | ठेगाना |
|---|---|---|---|
| १. | कृष्ण कलात्मक ढुङ्गा कटिङ्ग उद्योग | दिपेन्द्र थापा | व्यास १, अम्रेनी |
| २. | तनहुँसुर ढुङ्गा कटिङ्ग उद्योग | टुकमाया श्रेष्ठ | व्यास ४ तल्लो सिमलटार |

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास ३ स्थित शिव पाञ्चायन क्षेत्रभित्र १०८ फिटको वेदव्यासको मूर्ति निर्माणको लागि श्री सङ्घीय शहरी विकास तथा भवन निर्माण कार्यालय कास्की पोखराको पत्रानुसार चालु आ.व.२०८२/०८३ को वार्षिक विकास कार्यक्रममा व.उ.शि.नं. ३४७०१११४ वस्ती विकास कार्यक्रमको नाममा रू.३,००,००,०००। (अक्षेरुपी तीन करोड) बजेट विनियोजन भएकोले उक्त कार्यलाई अगाडि बढाउन शहरी विकास कार्यालय, पोखराबाट अनुरोध भई आएकाले नगरपालिका तर्फबाट उक्त रकम कार्यान्वयनका लागि सहयोग पुऱ्याउने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा ४३ औ नगर सभाबाट पारित आ.व.०८२/८३ को नीति एवं बजेट कार्यक्रम अनुसार सामुदायिक विद्यालयका प्र.अ., बाल विकास सहजकर्ता, विद्यालय सहायक (लेखापाल) र विद्यालय सहयोगी तथा सामुदायिक सिकाई केन्द्रमा कार्यरत समुदाय परिचालिकाहरुका लागि तपसिलमा उल्लेखित आन्तरिक स्रोततर्फको बजेट शीर्षकमा विनियोजित रकम तपसिल बमोजिम कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिन निर्णयार्थ पेश ।

| सि.नं. | रातो किताब नं. | क्रियाकलाप | कार्यान्वयन प्रक्रिया |
|---|---|---|---|
| १. | ७४ | बाल विकास शिक्षक तलब व्यवस्थापन | यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालय तथा बाल विकास केन्द्रमा कार्यरत संघीय अनुदानतर्फबाट तलब भत्ता निकासा हुने बाल विकास सहजकर्तालाई संघीय अनुदान मार्फत प्राप्त भएको मासिक तलब भत्ता रू.१२,०००।मा नेपाल सरकारले निर्धारण गरेको न्यूनमत पारिश्रमिकमा नघट्ने गरी नगरपालिका स्रोतबाट मासिक रू.७,१००। थप गरी जम्मा रू.१९,१००। तलब भत्ता कायम गरी वार्षिक १२ महिनाको तलब र चाडपर्व खर्च उपलब्ध गराउने । |
| २. | ७५ | लेखापाल थप तलब व्यवस्थापन | यस नगरपालिका अन्तर्गतका सामुदायिक माध्यमिक विद्यालयहरुमा कार्यरत विद्यालय कर्मचारी अन्तर्गत विद्यालय सहायक (लेखापाल) हरुलाई संघीय अनुदान मार्फत प्राप्त भएको मासिक तलब भत्ता रू.१५,०००। मा नेपाल सरकारले निर्धारण गरेको न्यूनमत पारिश्रमिकमा नघट्ने गरी नगरपालिका स्रोतबाट मासिक रू.४,५००/- थप गरी जम्मा रू.१९,५००। तलब भत्ता कायम गरी वार्षिक १२ महिनाको तलब र चाडपर्व खर्च उपलब्ध गराउने । |

| | | | |
|---|---|---|---|
| ३. | ७६ | विद्यालय सहयोगी थप तलब व्यवस्थापन | यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत विद्यालय कर्मचारी अन्तर्गत विद्यालय सहयोगीहरुलाई संघीय अनुदान मार्फत प्राप्त भएको मासिक तलबभत्ता रू.१०,०००। मा नेपाल सरकारले निर्धारण गरेको न्यूनमत पारिश्रमिकमा नघट्ने गरी नगरपालिका स्रोतबाट मासिक रू.६,५००। थप गरी जम्मा रू.१६,५००। तलब भत्ता कायम गरी वार्षिक १२ महिनाको तलब र चाडपर्व खर्च उपलब्ध गराउने । |
| ४. | ७७ | स्वयंसेवक शिक्षक व्यवस्थापन | यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा खटिएका स्वयेवक शिक्षकहरुलाई व्यास नगर स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि-२०७९ अनुसार आधारभूत तहका शिक्षकहरुलाई मासिक रू..१८,०००। र माध्यमिक तहका शिक्षकहरुलाई मासिक रू.२१,०००। उपलब्ध गराउने र एक वर्ष पूरा भएका शिक्षकलाई वार्षिक रू.५,०००। पोशाक खर्च उपलब्ध गराउने गरी कार्यविधिमा संशोधन गर्ने । |
| ५. | ७८ | सामुदायिक विद्यालय प्रधानाध्यापक थप भत्ता सुविधा | यस नगरपालिका अन्तर्गतका सामुदायिक माध्यमिक विद्यालयहरुमा कार्यरत प्रधानाध्यापकहरुलाई संघीय अनुदान मार्फत प्राप्त भएको मासिक प्र.अ.भत्ता रू.५००। मा  नगरपालिका स्रोतबाट मासिक रू.५००। थप गरी जम्मा रू.१,०००।, आधारभूत तह (१-८) का प्र.अ प्रधानाध्यापकहरुलाई संघीय अनुदान मार्फत प्राप्त भएको मासिक प्र.अ.भत्ता रू.३००। मा  नगरपालिका स्रोतबाट मासिक रू.४००। थप गरी जम्मा रू.७००। र आधारभूत तह (१-५) का प्र.अ प्रधानाध्यापकहरुलाई संघीय अनुदान मार्फत प्राप्त भएको मासिक प्र.अ.भत्ता रू.२००। मा  नगरपालिका स्रोतबाट मासिक रू.३००। थप गरी जम्मा रू.५००। प्रोत्साहन भत्ता उपलब्ध गराउने । |
| ६. | ८१ | आन्तरिक स्रोतबाट नियुक्ति भएका नयाँ बाल विकास सहजकर्ताहरुको तलब | आन्तरिक स्रोतबाट नियुक्ति भएका नयाँ बाल विकास सहजकर्ताहरुको तलब संघीय अनुदानका बाल विकास दरबन्दी नभएका विद्यालयहरुमा नगरपालिकाको स्रोतबाट तलब भत्ता खाने गरी नियुक्त भएका बाल विकास सहजकर्ताहरुलाई मासिक रू.१७१००। कायम गरी वार्षिक १२ महिनाको तलब भत्ता, १ महिनाको तलब भत्ता बरावरको  चाडपर्व खर्च रू.१०,०००। पोशाक खर्च उपलब्ध गराउने |
| ७. | ९७ | सुत्केरी सट्टा शिक्षक शिक्षण सिकाई अनुदान सहयोग | यस नगरपालिका अन्तर्गतका सामुदायिक माध्यमिक विद्यालयहरुमा सुत्केरी सट्टा शिक्षकको रुपमा नियुक्त शिक्षकलाई "व्यास नगरपालिका सुत्केरी सट्टा शिक्षक व्यवस्थापन कार्यविधि-२०८१" (प्रथम संशोधन) अनुसार मासिक आधारभुत तहलाई रू.१०,०००। र मा.वि. तहलाई रू.१५,०००। उपलब्ध गराउने (बढीमा १०० दिनको)। |
| ८. | ८० | सामुदायिक सिकाई केन्द्रका सहजकर्ता पारिश्रमिक थप | यस नगरपालिका अन्तर्गतका सामुदायिक सिकाई केन्द्रमा कार्यरत समुदाय परिचालिकाहरुलाई संघीय अनुदान मार्फत प्राप्त भएको मासिक तलब भत्ता रू.१०,०००। मा  नगरपालिका स्रोतबाट मासिक रू.४,५००। थप गरी जम्मा रू.१४,५००। तलब भत्ता कायम गरी वार्षिक १२ महिनाको तलब र चाडपर्व खर्च उपलब्ध गराउने । |

**<u>निर्णय नं.१५:</u>** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका विद्यालयहरुमा लागु भएको स्थानीय पाठ्यक्रम (हाम्रो व्यास नगर) को सिकाई सहजीकरण शिक्षक निर्देशिका, मस्यौदा लेखनका

लागि कार्यपालिकाबाट गणित कार्यदलले तयार गरी पेश हुन आएको स्थानीय पाठ्यक्रम (हाम्रो व्यास नगर) को कक्षा १-८ को सिकाई सहजीकरण शिक्षक निर्देशिका व्यास नगरपालिका अन्तर्गतका विद्यालयहरुमा कार्यान्वयनका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा दमौली सभाहलको पार्किङ्गमा विद्युतीय चार्जिङ्ग सुविधा उपलब्ध गराउन व्यास नगरपालिका पूर्वाधार विकास समितिले पेश गरेको प्रतिवेदन अनुसार सभाहलको अण्डरग्राउण्ड पार्किङ्गमा निजी गाडी पार्किङ्ग गर्दा पार्किङ्ग गरेकै स्थानमा मिल्ने गरी चार्जिङ्ग पोइण्ट राख्ने र सो वापत विद्युत मिटरमा उठेको बिल र पार्किङ्गको रकम नगरपालिकालाई बुझाउने विद्युत आपूर्ति नभएको बखत जेनेरेटरको माध्यमबाट उक्त सुविधा उपलब्ध गराउने सुझाव प्राप्त हुन आएकाले सम्बन्धित सरोकारवालाहरुसँग परामर्श गरी यस कार्यालयलाई नोक्सान नहुने गरी राय पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यक्तिगत घटना दर्ताको प्रमाणपत्रमा उल्लिखित नाम, थर, उमेर वा अन्य विवरण सच्याउनु परेमा सम्बन्धित व्यक्तिले तोकिएको ढाँचामा निवेदन दिन आएमा एक पटकका लागि नाम, थर उमेर सच्याउन स्थानीय पञ्जिकाधिकारीलाई राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ बमोजिम संशोधन भई आएकाले सोही अनुसार गर्न गर्न गराउन सबै वडाका पञ्जीकाधिकारीहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा लाभग्राहीहरुको राष्ट्रिय परिचयपत्र नम्बर राख्ने प्रणालीमा समय सीमाभित्र नवीकरण गर्ने र यदी उक्त प्रणालीमा समस्या आएमा लाभग्राहीले पेश गरेको राष्ट्रिय परिचयपत्र नं.को रेकर्ड कार्यालयमा राखी तल कैफियतमा NIN रुजु नभएको छान्ने र सामान्य तरिकाले नवीकरण गराउने प्रक्रियालाई अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका बजार क्षेत्रभित्र फोहोरमैला व्यवस्थापनको लागि तपसिलको कार्यतालिका अनुसार चालक र कुचीकारहरुलाई कामकाजमा लगाउने निर्णय गरियो ।

<table>
<tr><td colspan="7">सरसफाईका साधन परिचालन गर्ने समय तालका :</td></tr>
<tr><td colspan="7">२०८२ श्रावण</td></tr>
<tr><td colspan="7">वडा नं. १ : नकुहिने र सशाजन्य</td></tr>
<tr><td colspan="7">( वहान ७:०० वजेदेख १०:३० सम्म, १०:३० बजेदेख ११:३० सम्म खाना खाने समय, दिउँसो ११:३० देख ३:०० वजे सम्म)</td></tr>
<tr><td>क्र.सं.</td><td>चालक</td><td>गाडी नं.</td><td>सम्पर्क नं.</td><td>कुचकार</td><td></td><td>सम्पर्क नं.</td></tr>
<tr><td rowspan="2">१</td><td rowspan="2">हरिबहादुर वोटे</td><td rowspan="2">ग. १ द २६२</td><td rowspan="2">९८१७११३७२४</td><td>१</td><td>मनिलाल कुमाल</td><td>९८०५८२३२३०</td></tr>
<tr><td>२</td><td>भुवन दरै</td><td>९८१११७०१३७</td></tr>
<tr><td>क्र.सं.</td><td colspan="4">भौगोलक क्षेत्र</td><td>बार</td><td>कैफयत</td></tr>
<tr><td>१</td><td colspan="4">वज्रानचौर – जनचेतना टोल – शवालय मन्दिर – करङकाठ वसपार्क</td><td>आइतबार</td><td rowspan="4">हरेक महिनाको २५ गते शशाजन्य वस्तु संकलन</td></tr>
<tr><td>२</td><td colspan="4">मनकामना चोक– वज्रान टोल आदिक व भानुभक्त क्याम्पस चोक –ठूलोगाउँ टोल –अडमपानी</td><td>सोमबार</td></tr>
<tr><td>३</td><td colspan="4">भादगाउँ टोल –छब्दीमार्ग –ठूलोगाउँ टोल –रतौली–दरै गाँउ –डमौली टोल – चारकुने–भङभङ्गे</td><td>मंगलबार</td></tr>
<tr><td>४</td><td colspan="4">छाव्दी मार्ग – वडा कार्यालय – खकौली – मोहोरिया टोल –</td><td>बुधबार</td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | नेपाली गाँउ | | | | | |
| ५ | गल्वुवेशी–नवआदर्श टोल –अकला मन्दिर टोल –माइलीडाँडा | | | | वहिबार | |
| ६ | भानुभक्त टोल –हाईस्कुलटार –निर्मलनगर –छाब्दी दोभान | | | | शुक्रबार | |
| वडा नं. २ : नकुहिने र सशाजन्य | | | | | | |
| (शनिबार वाहेक हरेक दिन बिहान ७:०० बजेदे ख १०:३० बजेसम्म, १०:३० बजेदे ख ११:३० सम्म खाना खाने समय, दिउँसो ११:३० बजेदे ख ३:०० वजेसम्म) | | | | | | |
| क्र.सं. | चालक | गाडी नं. | सम्पर्क नं. | | कु चकार | सम्पर्क नं. |
| २ | सूर्य बहादुर कुमाल | ग १ त ३७८१ | ९७०३७२०१९८ | १ | र व ज्ञामी मगर | ९८१७१५१५७६ |
| | | | | २ | कृष्णे कुमाल | ९८०४१९२३१६ |
| क्र.सं. | भौगो लक क्षेत्र | | | | बार | कै फयत |
| १ | वडा नं. २ को बुल्दि पुल हाईवेदे ख सफासडक चोक हुँदै प्रशासन चोक–वन कार्यालय – गणेशमान चोक/भेट घाट चोक डाँग्रेखोल्सी/ न्यूरोड सम्म नकुहिने फोहोर मात्र | | | | आइतबार | |
| २ | का लका मार्ग–नागपधेरी, मर्लुङ गल्ली २ वडा नं. वडा कार्यालय/ भत्री बजार – भुपु लाईन/ सद्धार्थ चोक/पदमचोकसम्म नकुहिने फोहोर मात्र | | | | सोमबार | |
| ३ | वडा नं. को बुल्दी पुल हाईवेदे ख सफासडक चोक हुँदै प्रशासन चोक – वन कार्यालय – गणेशमान चोक/भेटघाट चोक डाँग्रेखोल्सी/ न्यूरोड सम्म नकुहिने फोहोर मात्र | | | | मंगलबार | |
| ४ | अमरा पुरी/पानिघ ा/केराबारी/उत्तर शला – बागबजार – माले बगर नकुहिने फोहोर मात्र | | | | बुधबार | |
| ५ | वडा नं.२ को बुल्दी पुल हाईवेदे ख सफासडक चोक हुँदै प्रशासन चोक – वन कार्यालय – गणेशमान चोक/भेट घाट चोक डाँग्रेखोल्सी/ न्यूरोडसम्म नकुहिने फोहोर मात्र | | | | वहीबार | |
| ६ | पहिलो र तेश्रो हप्ता शशा/दोश्रो र चौथो हप्ता मे डकल अस्पताल (१५/१५ दिनमा) | | | | शुक्रबार | |
| वडा नं. ३ र ४ नकुहिने | | | | | | |
| (शनिबार वाहेक हरेक दिन बिहान ७:०० बजेदे ख १०:३० बजेसम्म, १०:३० बजेदे ख ११:३० बजेसम्म खाना खाने समय, दिउँसो ११:३० बजेदे ख ३:०० वजेसम्म) | | | | | | |
| २ | व वन्द्र थापामगर | ग. १ क. १५८५ | ९८२५१३१६७६ | १ | सन्तबहादुर दरै | |
| | | | | २ | जिवन कुमाल | ९८०४१२२६७० |
| क्र.सं. | भौगो लक क्षेत्र | | | | बार | कै फयत |
| १ | सफा सडक चोक–दुर्गा मन्दिर चोक हुँदै वडा नं.४ को हाईवे भोर्लेटार चोक– बुल्दी पुल पछि – आँपको रुख, वडा कार्यालय, सतलटोलबाट सव ड भजन वन कार्यालय– खानेपानी ट्याङ्की–साँखर टोल–बागभञ्ज्याङ्ग-जलदेवी मार्ग | | | | आइतबार | |

| | | | |
|---|---|---|---|
| २ | सफा सडक चोक–दुर्गा मन्दिर चोक–३ को भत्री बजारको तरकारी लाइन– मह र्ष चोक –निमचोक– अनसन चौतारी लाइन – भेटेनरी हुँदै दुर्गा मन्दिर चोक –शान्ति नगर– जिल्ला प्रशासन लगायतका सरकारी कार्यालयहरु | सोमबार | |
| ३ | सफा सडक चोक–दुर्गा मन्दिर चोक हुँदै वडा नं.४ को हाईवे भोर्लेटार चोकदे ख चोक–३ को भत्री बजारको तरकारी लाइन– अनसन चौतारी लाइन –कारागार– देउरालीनगर–वुद्ध टोल– पुलचोक साथै वडा नं.३ र ४ को बाँकी क्षेत्र | मंगलबार | |
| ४ | सफा सडक चोक–दुर्गा मन्दिर चोक हुँदै वडा नं.४ को हाइवे भोर्लेटार चोक– बुल्दीको पुल पछि – आँपको रुख, वडा कार्यालय, सतल टोलबाट सव ड भजन वन कार्यालय– खानेपानी ट्याङ्की–साँखर टोल–बागभञ्ज्याङ्ग -जलदेवी मार्ग | बुधबार | |
| ५ | सफा सडक चोक–दुर्गा मन्दिर चोक–३ को भत्री बजारको तरकारी लाइन– मह र्ष चोक –निमचोक– अनसन चौतारी लाइन–भेटेरिनरी हुँदै दुर्गामन्दिर चोक –शान्ति नगर–जिल्ला प्रशासन लगायतका सरकारी कार्यालयहरु | वहिबार | |
| ६ | सफा सडक चोक–दुर्गा मन्दिर चोक हुँदै वडा नं.४ को हाइवे भोर्लेटार चोकदे ख चोक–३ को भत्री बजारको तरकारी लाइन– अनसन चौतारी लाइन | शुक्रबार | |

(वडा नं. १,२,३,४,५,१०,११ र १२ कुहिने र नकुहिने)

(शनिबार वाहेक हरेक दिन बिहान ७:०० बजेदे ख १०:३० सम्म, १०:३० बजेदे ख ११:३० बजेसम्म खाना खाने समय, दिउँसो ११:३० बजेदे ख ३:०० वजेसम्म)

| क्र.सं. | चालक | गाडी नं. | सम्पर्क नं. | | कुचीकार | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | बमबहादुर घर्ती | ग.१ क २१९ | ९८२५१६९७२७ | १ | सोमबहादुर दरै | ९८४६८५२७६६ |
| | | | | २ | बसन्त बोटे | |

| क्र.सं. | भौगो लक क्षेत्र | बार | कै फयत |
|---|---|---|---|
| १ | वडा नं.२ को मालेबगर, केराबारी, अमरापुरी र वडा नं.३ को बुद्ध पार्क, देउराली नगर र पुलचोक कुहिने मात्र सथै वडा नं.१० को कुमालटारी, दुम्सी, खहरे लगायतका नकुहिने फोहोर मात्र साथै पेम्पस छु" ठाउँमा संकलन गरी ल्याउने | आइतबार | |
| २ | हाइड्रो, पाटन, चापाघाट, सर्दी वडा नं.५ को कार्यालय लगायतका वडा नं.५ को सबै क्षेत्र नकुहिने फोहोर मात्र साथै पेम्पस छु" ठाउँमा संकलन गरी ल्याउने (हाइड्रो, व्यारेक १५ दिनमा एक पटक उठ्ने गरी उठाउने) | सोमाबार | |
| ३ | डगाउँ, डकुना, रानीगाउँमा र पोल्याङ सेरासम्म नकुहिने फोहोर मात्र साथै पेम्पस छु" ठाउँमा संकलन गरी ल्याउने | मंगलबार | |

| | | | |
|---|---|---|---|
| ४ | वडा नं.४ का वेदव्यास, वरालेटार, वरत, कृष्णपुर, कोटापानी, बागभञ्ज्याङ र प्रेम चौतारी लगायतका नकुहिने फोहोर मात्र साथै पेम्पस छुँ ठाउँमा संकलन गरी ल्याउने | बुधबार | |
| ५ | वडा नं.२ को मालेबगर, केराबारी, अमरापुरी र वडा नं.३ को बुद्ध पार्क, देउराली नगर र पुलचोक कुहिने मात्र साथै बैरेनी, चुरेखोल्सीसम्म नकुहिने फोहोर मात्र साथै पेम्पस छुँ ठाउँमा संकलन गरी ल्याउने | बिहिबार | |
| ६ | बुल्दी खोला पुलदे ख हाइवे तालघारी, पहे लकुवा, मुसेखोला, घाँसीकुवा र कमलबारीसम्म नकुहिने फोहोर मात्र साथै पेम्पस छुँ ठाउँमा संकलन गरी ल्याउने | शुक्रबार | |

वडा नं. २,३ र ४ कुहिने

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | सोमबहादुर कुमाल | वा. १ ग. ३०१९ | ९८१६६०३२६६ | १ | मनबहादुर दरै | ९८०२८००१६० |
| | | | | २ | वशाल परियार | ९७०२३३६१७२ |

| क्र.सं. | भौगो लक क्षेत्र | बार | कै फयत |
|---|---|---|---|
| १ | नगरपा लका – वडा नं.३ को तरकारी फलफुल लाइन समेत वडा नं.२ को कुहिने संकलन गर्नुपर्ने सबै क्षेत्र | आइतबार | |
| २ | नगरपा लका – वडा नं.३ को तरकारी फलफुल लाइन समेत वडा नं.४ को कुहिने संकलन गर्नुपर्ने सबै क्षेत्र | सोमार | |
| ३ | नगरपा लका – वडा नं.३ को तरकारी फलफुल लाइन समेत वडा नं.३ को कुहिने संकलन गर्नुपर्ने सबै र हाइवे बाँकी क्षेत्र | मंगलबार | |
| ४ | नगरपा लका – वडा नं.३ को तरकारी फलफुल लाइन समेत वडा नं.२ को कुहिने संकलन गर्नुपर्ने सबै क्षेत्र | बुधबार | |
| ५ | नगरपा लका – वडा नं.३ को तरकारी फलफुल लाइन समेत वडा नं.४ को कुहिने संकलन गर्नुपर्ने सबै क्षेत्र | वहीबार | |
| ६ | नगरपा लका – वडा नं.३ को तरकारी फलफुल लाइन समेत वडा नं.३ को कुहिने संकलन गर्नुपर्ने सबै क्षेत्र | शुक्रबार | |

वडा नं.४ नकुहिने

(शनिबार वाहेक हरेक दिन बिहान ७:०० बजेदे ख १०:३० बजेसम्म, १०:३० बजेदे ख ११:३० बजेसम्म, खाना खाने समय, दिउँसो ११:३० बजेदे ख ३:०० वजेसम्म)

| क्र.सं. | चालक | गाडी नं. | सम्पर्क नं. | | | |
|---|---|---|---|---|---|---|
| २ | निमन श्रेष्ठ | बा.प्र–०३–००१ स ४००७ | ९८०४१२२६७० | | | |

| क्र.सं. | भौगो लक क्षेत्र | बार | कै फयत |
|---|---|---|---|
| १ | दुर्गा मन्दिरदे ख जोशी पम्मसम्म हाइवे पानी वोतल टिप्ने र | आइतबार | |

| | | | |
|---|---|---|---|
| | आँपको रुख, हरिओम टोलको भत्री लाइन | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | दुर्गा मन्दिरदेखि जोशी पम्पसम्म हाइवे पानी वोतल टिप्ने/नाग पधेँरी र व्यास अस्पताल भत्री लाइन – संगम टोल भत्रि लाइन | | | | सोमबार | |
| ३ | दुर्गा मन्दिरदेखि जोशी पम्पसम्म हइवे पानी वोतल टिप्ने र आँपको रुख, हरिओम टोलको भत्री लाइन | | | | मंगलबार | |
| ४ | दुर्गा मन्दिरदेखि जोशी पम्पसम्म हाइवे पानी वोतल टिप्ने/ अमरापुरीको भत्री सानो गल्ली र व्यास अस्पताल भत्री लाइन – संगम टोल भत्रि लाइन | | | | बुधबार | |
| ५ | दुर्गा मन्दिरदेखि जोशी पम्पसम्म हाइवे पानी वोतल टिप्ने र आँपको रुख, हरिओम टोलको भत्री लाइन | | | | वहिबार | |
| ६ | दुर्गा मन्दिरदेखि जोशी पम्पसम्म हाइवे पानी वोतल टिप्ने र व्यास अस्पताल भत्री लाइन-संगम टोल भत्रि लाइन | | | | शुक्रबार | |
| वडा नं. १–३–४–५–६–७–९–१०–११–१२–१३ र१४ (नकुहिने) | | | | | | |
| (शनिबार वाहेक हरेक दिन बिहान ७:०० बजेदेखि १०:३० बजेसम्म, १०:३० बजेदेखि ११:३० बजेसम्म खाना खाने समय, दिउँसो ११:३० बजेदेखि ३:०० वजेसम्म) | | | | | | |
| क्र.सं. | चालक | गाडी नं. | सम्पर्क नं. | | कुचकार | सम्पर्क नं. |
| २ | रुद्रनाथ सापकोटा | ग. १ क. | | | सन्तोष दरै | ९८१६६९७४३३ |
| क्र.सं. | भौगोलक क्षेत्र | | | | बार | कैफयत |
| १ | डम्पिङ क्षेत्रमा माटो बोक्ने कार्यालय भत्र सुक्ष्म वर्गीकरण | | | | आइतबार | |
| २ | वडा नं.३, ४, ५ र १० हप्तामा एक वटा वडा शशा मात्र | | | | सोमबार | |
| ३ | वडा नं.१ बुल्दी पुलदेखि हाइवे वडां.१२ पहिलो हप्ता – वडा नं. ११ दोस्रो हप्ता – वडा नं.७ को व्यास मार्ग क्षेत्र र वडा ९ को माझफाँट–गजौंडे तेस्रो हप्ता र वडा नं.१३ र १४ चौथो हप्ता शशाजन्य मात्र | | | | मंगलबार | |
| ४ | डम्पिङ क्षेत्रमा माटो बोक्ने कार्यालय भत्र सुक्ष्म वर्गीकरण | | | | बुधबार | |
| ५ | चापाघाट व्यारेक/तनहुँ हाईड्रोमा १५ दिनमा एक पटक - मानुङकोट/नेपालटार र छाव्दी१५ दिनमा एक पटक | | | | वहिबार | |
| ६ | डम्पिङ क्षेत्रमा माटो बोक्ने कार्यालय भत्र सुक्ष्म वर्गीकरण | | | | शुक्रबार | |

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा वडा नं.१२, १३ र १४ को सेवा केन्द्र सञ्चालन सम्बन्धमा व्यास १३ ढाँडस्थित स्वास्थ्य कार्यालयमा व्यवस्थापन गर्न आवश्यक तयारी गरी प्रकृया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा स्थानीय तहको एकल अधिकार अन्तर्गत रहेको सम्पत्ति कर (घर जग्गा कर) को प्रयोजनको लागि गरिने घर जग्गा मूल्याङ्कनको वस्तुगत आधार र विधिलाई वैज्ञानिक र यथार्थपरक बनाउन आवश्यक रहेको हुँदा यस नगरपालिकाको भौगोलिक अवस्था, घर जग्गाको बनौट, घर जग्गाको उपयोगको अवस्था, आर्थिक क्रियाकलाप लगायतका अन्य सान्दर्भिक पक्षहरुलाई समेत मध्यनजर गरी घर जग्गाको प्रचलित बजार मूल्य प्रतिविम्बित हुने गरी विषय विज्ञहरुबाट तयार गरिएको घर

जग्गाको मूल्याङ्कन आधारलाई कार्यपालिका बैठकबाट स्वीकृत गरी यस नगरपालिकाले यसलाई कार्यान्वयन गर्नको लागि आवश्यक पर्ने कानुन निर्माण एवं परिमार्जन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका सबै १० वटा स्वास्थ्य चौकी इन्चार्ज र व्यास नगर अस्पतालका प्रमुखलाई मासिक १० लिटर पेट्रोल, आधारभूत स्वास्थ्य केन्द्र र शहरी स्वास्थ्य केन्द्र प्रमुखलाई मासिक ५ लिटर पेट्रोल इन्धन सुविधा बजेट शीर्षक नं.३११ बाट खर्च हुने गरी र सबै २६ संस्थाका इन्चार्जलाई मासिक रू.१,०००। (एक हजार) सञ्चार खर्च बजेट शीर्षक नं. ३१८ बाट खर्च हुने गरी (संघीय सरकार सशर्त अनुदान प्राथमिक स्वास्थ्य सेवा) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा व्यास न.पा. वडा नं.७ स्थित समता विद्यालयमा रिक्त रहेको सुरक्षा गार्ड करार सेवामा पदपूर्ति गर्नका लागि करार कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ को दफा ५ (१) (घ) बमोजिम प्रशासकीय अधिकृत श्री गोकर्णराज वाग्लेलाई सदस्यमा मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका नगर कार्यपालिकाको तर्फबाट कुनै व्यक्ति, संघ/संस्था, कार्यालय उपर जुनसुकै अड्डा अदालतमा मुद्दा मामिला गर्ने फिराद पत्र, प्रतिउत्तर पत्र, पुनरावेदन पत्र, रिट निवेदन वा लिखित जवाफ पेश गर्न तथा नगर कार्यपालिकामाथि कोही कसैले मुद्दा दाय गरेमा सम्बन्धित अदालतमा यस नगर कार्यपालिकाको तर्फबाट आवश्यक काम कारबाहीका लागि व्यास नगरपालिका कार्यालयका प्रशासकीय अधिकृत श्री रामचन्द्र हड्खलेलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको विभिन्न वडाहरुमा मनसुनजन्य वर्षाले क्षति भएका स्थानीय सडक एवं खोलाले क्षति भएका खेतीयोग्य जमिन तथा खानेपानीका मुहान संरक्षण, सिँचाईका लागि बाँध-कुलो निर्माण र घरहरु संरक्षण गर्न विपद् व्यवस्थापन सामग्री वितरण समितिद्वारा मिति २०८२/४/१९ र २१ गतेको बैठकबाट वितरण गरिएको तारजाली लगत अनुसार अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ स्थित पराशर माध्यमिक विद्यालयको कक्षा १ देखि कक्षा १० सम्म विद्यालय समितिबाट सिफारिस भई आएका शिक्षक श्री रामदत्त पौडेललाई दिइएको निमित्त प्रधानाध्यापक र वडा नं.१३ स्थित गुदीफच्याङ्ग आधारभूत विद्यालयको कक्षा १ देखि कक्षा ५ सम्म विद्यालय समितिबाट सिफारिस भई आएका शिक्षक श्री विन्दु थापा मगरलाई प्रधानाध्यापकमा दिइएको नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२७:** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा चालु आ.व.२०८२/०८३ का लागि सङ्घीय अनुदान विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत विद्यालयमा भर्चुअल शिक्षण, इलर्निङ, पुस्तकालय र विज्ञापन प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन प्रति विद्यालय वार्षिक रू.१० लाखका दरले ३ वटा विद्यालयका लागि ३० लाख विनियोजन भई आएकोले विद्यालयहरुबाट उक्त कार्यक्रम मागका लागि प्रस्ताव माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.२८:** प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा व्यास नगर उद्यम विकास समितिमा निम्नानुसार पुनगर्ठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| (क) संयोजक | श्री वैकुण्ठ न्यौपाने, व्यास नगर प्रमुख |
| (ख) सदस्य | श्री काशी राम गैरे, प्रमुख प्रशासकीय अधिकृत |
| (ग) सदस्य | श्री खेमराज पोखेल, आर्थिक विकास समिति संयोजक |
| (घ) सदस्य | श्री बिनु श्रेष्ठ (महिला सदस्य, व्यास ३) |
| (ङ) सदस्य | श्री विष्णुमाया थापा (लघु उद्यमी) |
| (च) सदस्य | श्री सुकनारायण मल्ल (उद्योग वाणिज्य संघ, बजार इकाई) |
| (छ) सदस्य-सचिव | श्री राजेन्द्र कार्की, उद्योग, पर्यटन, श्रम तथा रोजगार प्रवर्द्धन शाखा प्रमुख |

**निर्णय नं.२९:** प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा विपद् व्यवस्थापन सामग्री वितरण समिति निम्नानुसार पुनगर्ठन गर्ने निर्णय गरियो ।

(क) संयोजक श्री इन्दिरा दरै, उपप्रमुख
(ख) सदस्य श्री सुरेश थापा, पूर्वाधार विकास समिति संयोजक
(ग) सदस्य श्री रनसिं नेपाली, वन, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक
(घ) सदस्य डा. राजु पौडेल, शहरी पूर्वाधार विकास समिति
(ङ) सदस्य-सचिव ईन्जिनियर श्री सुवास गौतम

**निर्णय नं.३०.:** प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुँदा तत्काल सम्बोधन गर्नुपर्ने विषयहरु र विपदजन्य कार्यमा निम्नानुसार बजेट विनियोजन गर्ने निर्णय गरियो । साथै सम्बन्धित वडाहरुबाट विनियोजित शीर्षक अन्तर्गतका कार्यहरु सम्बन्धित वडा बजेटबाट र वडा अन्तर्गत नरहेका विषयमा मात्र नगरस्तरीय बजेट शिर्षकबाट रकम विनियोजन गर्ने गराउने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | मगर समाज सुधार मेशिनरी औजार खरिद | १ | १,५०,०००।- | ८७५ |
| २. | कृष्णबहादुर पन्तको पहिरो रोकथाम सहयोग | ३ | २५,०००।- | १९६ |
| ३. | मालपोत कार्यालय, तनहुँ शौचालय निर्माण थप | ३ | ३,३३,०००।- | ९७८ |
| ४. | मानहुँकोट भ्यूटावर छाना पुनःनिर्माण | ५ | १,५०,०००।- | ९०६ |
| ५. | शैक्षिक कार्यक्रम खेल प्रतियोगिता (अष्ट्रेलिया) | ५ | ३०,०००।- | ११७ |
| ६. | तनहुँ विद्युत परियोजना बाँध माथी सेती नदी तर्फ ढुङ्गा, गिट्टी, बालुवा वातावरणीय अध्ययन प्रतिवेदन निर्माण | ५ | ३,५०,०००।- | ६६ |
| ७. | मदीखोला मोटर पुल बेली ब्रिज निर्माण गर्ने गरी डि.पि.आर संशोधन | ६ | १,५०,०००।- | ६६ |
| ८. | अभिषेक सुनार, छात्रवृत्ति सहयोग | ७ | ३०,०००।- | ८५ |
| ९. | डिहीगाउँ खानेपानी तथा सरसफाई मोटर खरिद | १० | १,००,०००।- | २५८ |
| १०. | चिलाउनेपानी खानेपानी मोटर बक्स खरिद | १२ | २३,०००।- | २७६ |
| ११. | डुबेनीगैह्रा कल्भर्ट निर्माण वडा पहुँच मार्ग | १२ | २,५०,०००।- | ९७८ |
| १२. | रेडियो बन्दीपुर सहयोग | | ३०,०००।- | ३६ |
| १३. | राष्ट्रिय लोकदोहोरी प्रतिष्ठान कृष्ण जन्माष्टमी तीजगीत व्यवस्थापन | | ५०,०००।- | ११६ |
| १४. | नेपाल अन्तर्राष्ट्रिय भावनामृत संघ दमौली कृष्ण जन्माष्टमी व्यवस्थापन | | ५०,०००।- | ११६ |
| १५. | नेपाल जेसिस क्षेत्र एवं सम्मेलन कार्यक्रम सहयोग जेसीआई व्यास नगर | | ५,००,०००।- | ७२ |
| १६. | नेपाल तजीलजी पूच व्यास नगर कार्यक्रम सहयोग | | ५०,०००।- | ११६ |

**निर्णय नं.३१.:** प्रस्ताव नं.३१ का सम्बन्धमा छलफल हुँदा जिल्ला समन्वय समितिको कार्यालय अघि भएको फुलवारी राख्ने कार्य गम्भिर नेपालले गरी रहनु भएकोमा २०८२ कार्तिक मसान्तसम्म हटाउन निर्देशन दिने र सो कार्यको समन्वय गर्न वडा नं.३ को अध्यक्षलाई जिम्मा दिने निर्णय गरियो ।

***